लागु औषध प्रयोगकर्ताको उपचार तथा पुनःस्थापना केन्द्रलाई प्रदान गरिने अनुदान वितरण कार्यविधि,२०८३



गृह मन्त्रालय

सिंहदरबार,काठमाडौं।

लागु औषध प्रयोगकर्ताको उपचार तथा पुनःस्थापना केन्द्रलाई प्रदान गरिने अनुदान वितरण कार्यविधि,२०८३

मा.मन्त्रीस्तरबाट स्वीकृत मितिः २०८३/०२/२७

लागु औषध प्रयोगकर्ताको उपचार तथा पुनःस्थापनाका लागि सञ्चालित उपचार तथा पुनःस्थापना केन्द्रलाई नेपाल सरकारले प्रदान गर्दै आईरहेको अनुदान वितरणलाई व्यवस्थित बनाउन, नेपाल सरकार, गृह मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम लागु औषध प्रयोगकर्ताहरुको लागि सञ्चालित उपचार तथा पुनःस्थापना केन्द्रलाई अनुदान (आर्थिक सहायता) प्रदान गरी उपचार तथा पुनःस्थापना केन्द्रहरुको सञ्चालनलाई थप व्यवस्थित बनाउन वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, गृह मन्त्रालयले यो कार्यविधि बनाएको छ।

परिच्छेद-१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "लागु औषध उपचार तथा पुनःस्थापना केन्द्रलाई प्रदान गरिने अनुदान वितरण कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि नेपाल सरकार, गृह मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले लागु औषध उपचार तथा पुनःस्थापना केन्द्रलाई मन्त्रालयबाट प्रदान गरिने नगद रकम वा जिन्सी सामानलाई सम्झनु पर्छ।

(ख) "अन्य निकाय" भन्नाले मन्त्रालय वा अन्तर्गतका सरकारी निकाय बाहेकका सरकारी वा निजी क्षेत्रका निकाय सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले जिल्ला प्रशासन कार्यालयलाई सम्झनु पर्छ।

(घ) "कार्यक्रम अनुदान" भन्नाले सीपमूलक तालीम, गोष्ठी, सेमिनार वा उत्प्रेरणा अभिवृद्धि लगायत यस्तै प्रकारका क्षमता विकास सम्बन्धी कार्यक्रमका लागि दिइने अनुदान सम्झनु पर्छ।

(ङ) "केन्द्र" भन्नाले लागु औषध प्रयोगकर्ताहरुका लागि उपचार तथा पुनःस्थापना गर्न स्थापित उपचार तथा पुनःस्थापना केन्द्र सम्झनु पर्छ।

नेपाल सरकार गृह मन्त्रालय

राजकुमार श्रेष्ठ
सचिव

(च) "छनौट समिति" भन्नाले यस कार्यविधिको दफा ९ बमोजिमको छनौट समिति सम्झनु पर्छ।

(छ) "पूँजीगत अनुदान" भन्नाले भवन निर्माण, फर्निचर, सवारी साधन तथा मेसिनरी खरिद वा यस्तै प्रकारका निर्माण वा खरिदका लागि दिइने अनुदान सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले नेपाल सरकार, गृह मन्त्रालय सम्झनु पर्छ।

(झ) "मूल्याङ्कन तथा सिफारिस समिति" भन्नाले लागु औषध प्रयोगकर्ताहरुको लागि उपचार तथा पुनःस्थापन केन्द्र संचालन निर्देशिका, २०७५ को दफा ७ बमोजिमको मूल्याङ्कन तथा सिफारिस समिति सम्झनु पर्छ।

परिच्छेद - २

अनुदान सम्बन्धी व्यवस्था

३. <u>अनुदान दिन सक्ने:</u> (१) मन्त्रालयले केन्द्रको वार्षिक कार्यक्रम संचालन गर्न प्रोत्साहन स्वरुप पुँजीगत अनुदान वा कार्यक्रम अनुदान प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रत्येक वर्ष कम्तिमा तीन वटा केन्द्रलाई प्रदान गरिने अनुदान रकमको अधिकत्तम सीमा मन्त्रालयको वार्षिक स्वीकृत बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम हुनेछ।

४. <u>अनुदान उपलब्ध हुने अवस्था:</u> (१) देहायका शर्त पूरा गरेका केन्द्रले अनुदानका लागि आवेदन दिन सक्नेछन्।

(क) वार्षिक साधारण सभा संचालन गरेको,

(ख) वार्षिक लेखा परीक्षण गराएको,

(ग) मन्त्रालयबाट अनुदान प्राप्त गरिसकेका केन्द्रको हकमा एक वर्ष पूरा भएको,

(घ) कर चुक्ता प्रमाणपत्र पेश भएको,

(ङ) केन्द्र दर्ता भएको कम्तीमा दुई वर्ष पूरा भएको।

(२) राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैह सरकारी संघ वा संस्था वा अन्य कुनै निकायबाट अनुदान वा सहयोग प्राप्त गरी संचालन भइरहेको केन्द्रको हकमा कार्यविधिको दफा ३ को उपदफा (१) बमोजिमको कार्यक्रम अनुदान बाहेक अन्य अनुदान प्रदान गरिने छैन।

नेपाल सरकार
गृह मन्त्रालय

राजकुमार श्रेष्ठ
सचिव

परिच्छेद - ३
अनुदान प्रदान गर्ने प्रक्रिया

५. <u>आवेदन माग गर्ने:</u> (१) मन्त्रालयले दफा ३ र ४ बमोजिम प्रदान गर्ने अनुदानका लागि अनुसूची-१ बमोजिमको ढाँचामा पन्ध्र दिनको म्याद दिई अनुदानको प्रयोजन खुलाई आवेदन माग गर्न सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) आवेदकले आवेदन साथ देहायका कागजातहरु संलग्न गर्नुपर्नेछ।

(क) संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) सम्बन्धित संस्था वा व्यावसायिक फर्मको विधानको प्रतिलिपि,

(ग) मन्त्रालयमा आवद्धताको प्रमाणपत्रको प्रतिलिपि,

(घ) मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ङ) अघिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि केन्द्र/संस्था रहेको स्थानको नक्सा,

(च) अनुसूची-२ बमोजिमको जिल्ला प्रशासन कार्यालयबाट भएको निरीक्षण प्रतिवेदन फाराम,

(छ) अनुसूची -३ बमोजिमको ढाँचामा संस्थाको बित्तीय, भौतिक र मानव संशाधन सम्वन्धी विवरण,

(ज) अनुसूची-४ बमोजिमको ढाँचामा अनुदान प्राप्त पश्चात गरिने संक्षिप्त कार्ययोजना,

(झ) केन्द्र रहेको सम्बन्धित वडा कार्यालय वा स्थानीय तहको सिफारिस,

(ञ) यस सम्बन्धमा मन्त्रालय तथा अन्य प्रबन्ध बमोजिम निर्धारण भए बमोजिमका अन्य कागजातहरू।

नेपाल सरकार
गृह मन्त्रालय

राजकुमार श्रेष्ठ
सचिव

६. <u>अनुदानको लागि सिफारिस:</u> सम्वन्धित कार्यालयले प्रोत्साहन अनुदानका लागि दफा ५ बमोजिम मन्त्रालयमा आवेदन दिएका केन्द्रको स्थलगत अनुगमन गरी अनुसूची-२ बमोजिम ढाँचामा प्रतिवेदन साथ मन्त्रालयमा सिफारिस गरी पठाउनु पर्नेछ।

७. <u>मूल्याङ्कन तथा सिफारिस समितिः</u> (१) दफा ५ बमोजिम प्राप्त आवेदन उपर मूल्याङ्कन गर्न मन्त्रालयमा देहाय बमोजिम मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ।

(क) लागु औषध नियन्त्रण शाखा प्रमुख - संयोजक
(ख) अधिकृत, योजना अनुगमन तथा मूल्याङ्कन शाखा - सदस्य
(ग) अधिकृत, आर्थिक प्रशासन शाखा - सदस्य
(घ) अधिकृत, कानून तथा फैसला कार्यान्वयन शाखा -सदस्य
(ङ) उपचार तथा पुनःस्थापना केन्द्र, महासंघले सिफारिस गरी मन्त्रालयले तोकेको कम्तीमा एक जना महिला सहित दुई जना प्रतिनिधि -सदस्य
(च) शाखा अधिकृत, लागु औषध नियन्त्रण शाखा - सदस्य- सचिव

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिम एक पटक तोकिएको प्रतिनिधि सोही आर्थिक वर्षको मूल्याङ्कन तथा सिफारिस कार्यका लागि मात्र कायम हुनेछ।

(३) मूल्याङ्कन तथा सिफारिस समितिले दफा ५ बमोजिम पेश हुन आएका आवेदन उपर मूल्याङ्कन गरी आफ्नो सिफारिस सहितको प्रतिवेदन दफा ९ बमोजिमको छनौट समिति समक्ष पेश गर्नु पर्नेछ।

८. <u>मूल्याङ्कनका आधार तथा अङ्क विभाजन:</u> दफा ७ बमोजिमको समितिले प्राप्त भएका आवेदन उपर मूल्याङ्कन तथा सिफारिस गर्दा अनुसूची- ५ बमोजिमका आधार र अङ्क अनुसार गर्नु पर्नेछ।

९. <u>छनौट समितिः</u> (१) दफा ७ बमोजिम मूल्याँङ्कन र सिफारिस भई आएका केन्द्रहरुलाई मन्त्रालयले स्वीकृत वार्षिक कार्यक्रम र सोमा निर्धारित बजेट एवम् कार्यक्रमको आवश्यकताका आधारमा प्रोत्साहन अनुदानको लागि छनौट गर्नेछ। उक्त कार्यका लागि मन्त्रालयमा देहाय बमोजिमको एक छनौट समिति रहनेछः

(क) नीति, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा प्रमुख - संयोजक
(ख) योजना, अनुगमन तथा मुल्याङ्कन शाखा प्रमुख - सदस्य
(ग) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

नेपाल सरकार गृह मन्त्रालय

२०७८.८
राजकुमार श्रेष्ठ
सचिव

(घ) कानून तथा फैसला कार्यान्वयन शाखा प्रमुख - सदस्य

(ङ) लागु औषध नियन्त्रण शाखा प्रमुख - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको वैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ वा अन्य सम्बन्धित व्यक्तिलाई समेत आमन्त्रण गर्न सक्नेछ।

(३) आवेदक केन्द्रले पेश गरेको विवरण र कार्यालयले स्थलगत अनुगमन गरी पठाएको विवरणसँग मेल नखाएमा सम्वन्धित कार्यालयले पेश गरेको प्रतिवेदनलाई छनौट समितिले आधार बनाउन सक्नेछ।

परिच्छेद - ४

कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

१०. जानकारी दिनुपर्ने: (१) दफा ९ बमोजिमको समितिबाट केन्द्र छनौट भएको विवरण मन्त्रालयले सम्बन्धित केन्द्रलाई जानकारी दिनेछ र स्वीकृत भएको सूचना मन्त्रालयको वेब साइटमा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जानकारी गराउँदा कम्तीमा सात दिनको समय दिई सम्झौता गर्न आउने दिन समेत खुलाउनु पर्नेछ।

११. सम्झौता गर्नुपर्ने: छनौट भएका केन्द्रसँग मन्त्रालयले अनुसूची -६ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

१२. भुक्तानी विधि: यस कार्यविधि बमोजिम उपलब्ध गराइने अनुदान रकम सम्झौताको शर्त बमोजिम एकमुष्ठ वा किस्ता बन्दीमा बैंक खातामा भुक्तानी गरिनेछ।

१३. अनुदानको सदुपयोग गर्नुपर्ने: मन्त्रालयले प्रदान गरेको रकम केन्द्रले आफ्नो खातामा श्रेस्ता राखी उपयोग हुने गरी अद्यावधिक गर्नु पर्नेछ।

१४. अनुदान प्राप्त गर्ने केन्द्रको दायित्व: अनुदान प्राप्त गर्ने केन्द्रले देहायको दायित्व बहन गर्नु पर्नेछ।

(क) अनुदानको हिसाव संस्थाको विधान अनुरुप स्वीकृत लेखा प्रणाली अनुसार राख्नु पर्नेछ।

(ख) अनुदान प्राप्त गरेको वर्ष कम्तीमा पाँच जना गरीव तथा विपन्न वर्गलाई नि: शुल्क उपचारको व्यवस्था गर्नु पर्नेछ।

१५. प्रतिवेदन दिनु पर्ने: केन्द्रले यस कार्यविधि बमोजिम प्राप्त गरेको अनुदानबाट सम्पन्न गरेका कार्य, खर्च र प्रतिफल सहितको विवरण खुलाई वार्षिक रुपमा मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

नेपाल सरकार
गृह मन्त्रालय

राजकुमार श्रेष्ठ
सचिव

१६. <u>अनुगमन गर्नुपर्ने:</u> (१) कार्यालयले प्रत्येक केन्द्रको एक आर्थिक वर्षमा कम्तीमा तीन महिनामा एक पटक अनुगमन गर्नु पर्नेछ।

(२) मन्त्रालयले वार्षिक कार्ययोजना अनुरुप प्रत्येक प्रदेशका केन्द्रको अनुगमन गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम गरिने अनुगमन कार्यमा केन्द्रले आवश्यक सहयोग गर्नु पर्नेछ।

१७. <u>अनुदान उपयोग गराउन सक्ने:</u> (१) दफा १६ बमोजिम अनुगमनका क्रममा मन्त्रालयले प्रदान गरेको अनुदानको सदुपयोग नगरेको वा हिनामिना गरेको वा सम्झौता विपरीत कुनै कार्य गरेको पाइएमा अनुगमन प्रतिवेदनको सिफारिसको आधारमा मन्त्रालयले उपयोग नगरेको रकम वा खरिद गरेको वस्तुको उपयोग गर्न लगाउने वा अधुरो निर्माण कार्य तथा प्रक्रिया सुचारु गर्न लगाउने वा सम्झौताको शर्त पालना गर्न लगाउने वा अन्य कार्य गर्न लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम शर्त पालना नगर्ने केन्द्रलाई मन्त्रालयले कालो सूचीमा राखी आगामी दुई वर्षको लागि अनुदानबाट बञ्चित गर्न सक्नेछ।

१८. <u>असूल उपर गरिने:</u> (१) दफा १६ बमोजिम अनुगमन गर्दा यस कार्यविधि बमोजिम केन्द्रलाई प्रदान गरिएको अनुदानको रकम कुनै किसिमले दुरुपयोग गरिएको पाइएमा त्यस्तो रकम दुरुपयोग गर्ने व्यक्तिलाई दुरुपयोग गरेको रकम बुझाउन लगाई प्रचलित कानुन बमोजिम कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रकम नबुझाएमा त्यस्तो व्यक्तिको घर घरानाबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(३) उपदफा (१) बमोजिम रकम असूल उपर गर्नु पर्दाको अवस्थामा सम्बन्धित संस्थालाई सफाई पेश गर्न मनासिब माफिकको मौका दिनु पर्नेछ।

परिच्छेद- ५

<u>विविध</u>

१९. <u>सूचना प्रविधिको प्रयोग:</u> मन्त्रालय वा मन्त्रालय अन्तर्गतका निकायले यस कार्यविधिको व्यवस्था कार्यान्वयन गर्न सूचना प्रविधिको प्रयोग गरी काम कारवाही गर्न सक्नेछ र त्यसरी गरिएको काम कारवाहीलाई यसै कार्यविधि बमोजिमको काम कारवाही मानिनेछ।

२०. <u>आवश्यक निर्णय गर्न सक्ने:</u> यस कार्यविधि बमोजिम उत्कृष्ट कार्यसम्पादन गर्ने उपचार तथा पुनःस्थापना केन्द्रको छनौट गर्दा वा त्यस्ता उत्कृष्ट कार्यसम्पादन गर्ने उपचार तथा पुनःस्थापना

नेपाल सरकार
गृह मन्त्रालय

सचिव

केन्द्रलाई वार्षिक कार्यक्रम बमोजिम अनुदान वा आर्थिक सहायता प्रदान गर्ने प्रक्रियामा कुनै समस्या आएमा मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ।

२१. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लिखित व्यवस्था बाहेक अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ।

२२. <u>खारेजी र बचाउ:</u> (१) लागु औषध प्रयोगकर्ताहरुको उपचार तथा पुनःस्थापना केन्द्रलाई प्रदान गरिने अनुदान वितरण कार्यविधि,२०७७ खारेज गरिएको छ।

(२) लागु औषध प्रयोगकर्ताहरुको उपचार तथा पुनःस्थापना केन्द्रलाई प्रदान गरिने अनुदान वितरण कार्यविधि,२०७७ बमोजिम भए गरिएका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरिएको मानिनेछ।

नेपाल सरकार
गृह मन्त्रालय

राजकुमार श्रेष्ठ
सचिव

अनुसूची-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

आवेदनको ढाँचा

मितिः.....

श्री गृह मन्त्रालय

सिंहदरवार, काठमाण्डौं।

विषयः प्रोत्साहन अनुदानका लागि प्रस्ताव पेस गरिएको ।

महोदय,

त्यहाँ मन्त्रालयबाट मिति ..... मा प्रकाशित सूचना अनुसार यस केन्द्र प्रोत्साहन अनुदानका लागि योग्य र इच्छुक रहेकाले केन्द्रको मिति ..... को कार्य समितिको बैठकबाट निर्णय गरी सूचनामा तोकिएका निम्न कागजातहरु संलग्न राखि यो आवेदन पेश गरिएको छ। लागु औषध उपचार तथा पुनःस्थापना केन्द्र संचालन प्रोत्साहन अनुदान वितरण कार्यविधि, २०८३ का शर्त, बन्देजहरु पालना गर्न केन्द्र मञ्जुर रहेको व्यहोरा अनुरोध छ।

भवदीय

संस्थाको छापः

.....

अध्यक्ष / प्रमुख

नाम,थरः

केन्द्रको नाम,ठेगानाः

सम्पर्क नं.

सलंग्न कागजातहरुः

१. संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि
२. सम्बन्धित संस्था वा व्यवसायिक फर्मको विधानको प्रतिलिपि
३. मन्त्रालयमा आवद्धताको प्रमाणपत्रको प्रतिलिपि
४. जिल्ला प्रशासन कार्यालयबाट भएको निरीक्षण प्रतिवेदन फारम (अनुसूची-२ बमोजिम ढाँचामा)
५. मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रतिलिपि
६. अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
७. केन्द्र रहेको सम्बन्धित वडा कार्यालय वा स्थानीय तहको सिफारिस
८. केन्द्र/संस्था रहेको स्थानको नक्सा
९. संस्थाको वित्तीय, भौतिक र मानव संशाधन सम्वन्धी विवरण (अनुसूची-३ बमोजिम ढाँचामा)
१०. अनुदान प्राप्त पश्चात गरिने संक्षिप्त कार्ययोजना (अनुसूची-४ बमोजिम ढाँचामा)।

नेपाल सरकार
गृह मन्त्रालय

राजकुमार श्रेष्ठ
सचिव

अनुसूची-२

(दफा ५ को उपदफा (२) को खण्ड (च) र दफा ६ सँग सम्बन्धित)

जिल्ला प्रशासन कार्यालयबाट भएका निरीक्षण प्रतिवेदन

केन्द्रको नाम:

ठेगाना (जिल्ला,म.न.पा/उ.म.न.पा/न.पा./गा.पा.,वडा नं., टोल):

अध्यक्ष/प्रमुखको नाम:

सम्पर्क नं. (मोवाईल/ईमेल):

क्र.सं.	विवरण	भएको/नभएको वा संख्या
१	**संस्था सम्वन्धी विवरण :**	
१.१	जिल्ला प्रशासन कार्यालयको दर्ता	
१.२	मन्त्रालयमा आवद्धता (मन्त्रालयमा आवद्ध नभएको संस्था पुरस्कारका लागि योग्य हुने छैन)	
१.४	मू.अ.कर/प्यान दर्ता, तथा चुक्ताको प्रमाणपत्र	
२	**भौतिक पूर्वाधार संरचनाः**	
२.१	आफ्नै जग्गा र भवन भएको/नभएको (भएको भए भवन संख्या र जग्गाको क्षेत्रफल उल्लेख गर्ने)	
२.२	केन्द्रको भवन आवाससंगै कम्पाउण्ड वाल ब्यवस्था	
२.३	केन्द्रको सीट क्षमता (संख्या)	
२.४	अतिरिक्त क्रियाकलापका लागि खेल मैदान ब्यवस्था	
२.५	योगा ध्यान कक्ष ब्यवस्था	
२.६	खेलकूद सामग्री ब्यवस्था	
२.७	पुस्तकालय ब्यवस्था	
२.८	सुत्ने ठाउँको व्यवस्था (खाट/पलङ्ग) ब्यवस्था	
२.९	चौबिसै घण्टा शुद्ध खानेपानीको उपलब्धता	
२.१०	लैंगिकमैत्री शौचालय ब्यवस्था	
२.११	परिसरमा बगैंचाको व्यवस्था	
२.१२	सहज हावा प्रवाह हुने स्वस्थ कोठा (झ्याल/भेन्टिलेसन) ब्यवस्था	
२.१३	आफ्नै संरचनामा तालीम संचालनको छुट्टै हल निर्माण	
२.१४	उपचाररत व्यक्तिको संख्याको अनुपातमा भवन र सिट क्षमता पर्याप्तता	

नेपाल सरकार
गृह मन्त्रालय

राजकुमार श्रेष्ठ
सचिव

३	**मानव संशाधन ब्यवस्थापन**	
३.१	व्यवस्थापक वा संयोजकको व्यवस्था (संख्या समेत)	
३.२	प्रशासन वा लेखासहायक ब्यवस्था (संख्या समेत)	
३.३	पालोपहरा तथा सुरक्षाकर्मी ब्यवस्था (संख्या समेत)	
३.४	भान्सेको ब्यवस्था (संख्या समेत)	
३.५	कार्यालय सहयोगी वा बर्गैचे (संख्या समेत)	
३.६	उपचार तथा परामर्श सेवा उपलब्ध गराउने मनोचिकित्सकको व्यवस्था संख्या समेत)	
	तालीम प्राप्त परामर्शदाता	
४	**सरसफाई, उपचार तथा मनोरञ्जन सम्वन्धी**	
४.१	चौबिसै घण्टा विद्युत आपूर्ति व्यवस्था	
४.२	आकस्मिक उपचारको व्यवस्था (उपचार सम्बद्ध स्वास्थ्यकर्मीसंग आवद्धता)	
४.३	अस्पतालको सुलभता (बढीमा ३० मिनेट भित्र पहुच/१० कि.मी.दूरी भित्र)	
४.४	उपचारको लागि स्थानीय अस्पताल वा स्वास्थय चौकीमा सिफारिसको व्यवस्था	
४.५	उपचाररत व्यक्तिको स्वास्थ्य बीमाको व्यवस्था	
४.६	खाना तथा खाजाको अवस्था	
५	**अन्य**	
५.१	उपचारका लागि केन्द्रमा रहेको जम्मा संख्या र विवरण	
५.२	निःशुल्क उपचाररत व्यक्तिको विवरण	
५.३	सीपमूलक तालिम संचालनको विवरण	
५.४	उपचार तथा परामर्श सेवाको क्रममा सम्बन्धित विरामी र निजको परिवारवीच निरन्तर सम्पर्क भेटघाटको व्यवस्था गराउने र सेवालाई परिवार मैत्री वनाईने प्रबन्ध	
५.५	लक्षित कार्यक्रम संचालन	
५.६	उपचारको क्रममा मानसिक तथा शारिरीक यातना	

निरीक्षण गर्ने कर्मचारीको :

नाम,थर:

पद:

दस्तखत:

मिति:

प्रमाणित गर्ने कार्यालय प्रमुखको :

नाम,थर:

पद:

दस्तखत:

मिति:

नेपाल सरकार
गृह मन्त्रालय

राजकुमार श्रेष्ठ
सचिव

अनुसूची-३

(दफा ५ को उपदफा (२) को खण्ड (छ) सँग सम्बन्धित)

केन्द्रको वित्तीय, भौतिक र मानव संशाधन सम्वन्धी व्यवस्था

क) परिचय खण्ड:

१. केन्द्रको नाम:

२. ठेगाना:

३. स्थापना मिति :

४. जिल्ला प्रशासन कार्यालयमा दर्ता नं./मिति:

५. मन्त्रालयमा आवद्धता नं. र मिति:

६. मूल्य अभिवृद्धिकर/स्थायी लेखा नम्बर:

७. संस्थाको ध्येय,लक्ष्य,उद्देश्य:

८. जनशक्ति सम्बन्धी विवरण:

९. अन्य:

ख) वित्तीय अवस्था:

क्र.सं.	विवरण	आ.व.	कैफियत
१.	**आम्दानी:**		
	क) मासिक शुल्क वापत प्राप्त		
	ख) अनुदान/सहयोग/चन्दा (दाताको नाम उल्लेख गर्नु पर्ने)		
	ग) अन्य ..... (भाडा, सदस्यता शुल्क, सम्पत्ती बेचबिखन)		
	घ) अघिल्लो आ.व.को बाँकी		
	कुल जम्मा		
२.	**खर्च:**		
	क) पूँजीगत तर्फ (भवन निर्माण, मेशिनरी औजार, फर्निचर वा अन्य खरिद)		
	ख) चालु तर्फ (तलव, भत्ता, परामर्श, कार्यालय संचालन सम्बन्धी खर्च, कार्यक्रम संचालन खर्च)		
कुल जम्मा			
बाँकी मौज्दात रकम:			

नेपाल सरकार
गृह मन्त्रालय

२०७८

राजकुमार श्रेष्ठ
सचिव

ग) भौतिक अवस्था:

क्र.सं.	विवरण	आ.व. ..... (....महिनासम्म) भए/नभएको वा संख्यात्मक रुपमा लेख्ने	पुष्ट्याई विवरण (विवरणात्मक रुपमा लेख्ने)	कैफियत
१	केन्द्रबाट प्रदान गरिएका सेवाहरु:			
१.१	लाभग्राही संख्या (महिला/पुरुष र उमेर समुह खुल्ने गरी छुट्टै कागजात पेश गर्ने)			
१.२	तोकिएको शुल्क रकम (प्रतिव्यक्ति मासिक/बार्षिक)			
१.३	निःशुल्क उपचाररत व्यक्तिको संख्या (प्रमाण हुनुपर्ने) (महिला/पुरुष र उमेर समुह खुल्ने गरी छुट्टै कागजात पेश गर्ने)			
१.४	अन्य :- क) ..... ख) ..... ग)			
२	भौतिक संरचना र पूर्वाधार :			
२.१	जम्मा भवन संख्या			
	क) पक्की (सिमेन्ट र ढलानयुक्त)			
	ख) जस्तापाताको छानायुक्त			
	ग) अन्य			
२.२	खेल मैदान (कति रोपनी, कट्ठा वा आनामा फैलिएको)			
२.३	खेलकुद सामग्री उपलव्धता			
	क)			
	ख)			
	ग)			
	घ)			
२.४	योगा ध्यान कक्ष क्षमता र संख्या			
२.५	केन्द्रको जम्मा सीट क्षमता			
	जम्मा कोठा संख्या			

नेपाल सरकार
गृह मन्त्रालय

२०८०.८

राजकुमार श्रेष्ठ
सचिव

	जम्मा झ्याल/भेन्टिलेसन संख्या			
२.६	जग्गा सम्वन्धी विवरण			
	आफ्नै नाममा रहेको जग्गा (रोपनी/कट्ठा/धुर/बर्गमिटर)			
	भाडा वा लिजमा लिएको जग्गा (रोपनी/कट्ठा/धुर/बर्गमिटर)			
२.७	पुस्तकालयको विवरण संख्या			
२.८	केन्द्रको भवन आवाससंगै कम्पाउण्ड वाल ब्यवस्था			
	पक्की वाल			
	कच्ची वाल तारवार मात्र			
२.९	अतिरिक्त क्रियाकलापका लागि खेल मैदान ब्यवस्था			
२.१०	सुत्ने ठाउँको व्यवस्था (खाट/पलङ्ग) संख्या			
२.११	चौबिसै घण्टा शुद्ध खानेपानीको उपलब्धता			
२.१२	लैगिंक मैत्री शौचालयको ब्यवस्था			
२.१३	शौचालय संख्या			
	शौचालयको अवस्था			
२.१४	परिसरमा बगैंचाको व्यवस्था/हरियाली			
२.१५	आफ्नै संरचनामा तालिम संचालनको छुट्टै हल निर्माण			
	तालिम हल संख्या			
	तालिम हल क्षमता			
२.१६	उपचाररत व्यक्तिको संख्याको अनुपातमा भवन र सिट क्षमता पर्याप्तता			
३	अन्य			
३.१	चौबिसै घण्टा विद्युत आपूर्ति व्यवस्था			
	क) विधुत व्यवस्था			
	ख) जेनेरेटर संख्या			
	ग) सोलार ब्यवस्था			
३.२	आकस्मिक उपचारको व्यवस्था (उपचार			

नेपाल सरकार
गृह मन्त्रालय

२०७८
राजकुमार श्रेष्ठ
सचिव

	सम्बद्ध स्वास्थ्यकर्मीसंग आवद्धता)			
३.३	अस्पतालको सुलभता (बढीमा ३० मिनेट भित्र पहुँच/१० कि.मि.दूरी भित्र खुलाउने)			
३.४	उपचार तथा परामर्श सेवा उपलब्ध गराउने मनोचिकित्सकको व्यवस्था संख्या समेत)			
३.५	उपचाररत व्यक्तिको स्वास्थ्य बीमाको व्यवस्था (भएको भए कति संख्या)			
३.६	लक्षित कार्यक्रम संचालन			
३.७	उपचारको लागि स्थानीय अस्पताल वा स्वास्थय चौकीमा सिफारिसको व्यवस्था			
३.८	खाना तथा खाजाको अवस्था			
३.९	उपचारको क्रममा मानसिक तथा शारीरिक यातना			
३.१०	अन्य थप विवरण			
	क)			
	ख)			
	ग)			
	घ)			

घ) मानव संशाधन अवस्था:

क्र.सं.	कर्मचारी नाम, थर	पद	सेवा/तह	शुरु नियुक्ति मिति	कार्य जिम्मेवारी	कैफियत
१						
२						
३						

ङ) कार्यक्रमगत विवरण

क्र.सं.	तालिम/कार्यक्रम/अभिमुखिकरणको नाम	संचालन अवधि (देखि सम्म)	ाभान्वित ंख्या	य उपलब्धी	कैफियत
१					

नेपाल सरकार
गृह मन्त्रालय

२०७८

राजकुमार श्रेष्ठ
सचिव

२					
३					
४					

बैक नाम, खाता न. र ठेगानाः

नोटः अन्य विवरण भएमा थप पानामा उल्लेख गर्न सकिनेछ।

प्रमाणित गर्ने :

अध्यक्ष/प्रमुखको नाम:

दस्तखत :

मिति:

नेपाल सरकार
गृह मन्त्रालय

राजकुमार श्रेष्ठ
सचिव

अनुसूची -४

(दफा ५ को उपदफा (२) को खण्ड (ज) सँग सम्बन्धित)

केन्द्रको संक्षिप्त कार्ययोजना

१. अनुदान माग गर्ने केन्द्रको:

क) नाम :

ख) जिल्ला

ग) स्थानीय तह (म.न.पा/उ.म.न.पा/न.पा./गा.पा.,) :

घ) वडा नं. :

ङ) टोल :

च) फोन,फ्याक्स र ईमेल :

२. माग गरेको अनुदान:

क) पूँजीगत अनुदान

ख) कार्यक्रमगत अनुदान :

३. केन्द्रको कार्यसमिति/संचालक समितिले पारित गरेको मिति :

४. संक्षिप्त कार्ययोजना :

क्र.सं.	कार्यक्रम सम्वन्धी विवरण	कार्यान्वयनमा मूख्य जिम्मेवार व्यक्ति/निकाय	अनुगमन गर्ने निकाय	सम्पन्न गर्न लाग्ने अवधि (साल, महिना)	अनुमानित बजेट	लाभान्वित संख्या	अपेक्षित प्रतिफल	सम्भावित जोखिम	कै.

नेपाल सरकार
गृह मन्त्रालय

राजकुमार श्रेष्ठ
सचिव

अनुसूची -५

(दफा ८ सँग सम्बन्धित)

मूल्याङ्कनका आधार तथा अङ्क विभाजनः

क्र.सं.	विवरण	अंक भार	कूल अंक
१	**केन्द्रको अद्यावधिक विवरण: (५ अंक)**		
१.१	नवीकरण प्रमाणपत्र		५
२	**भौतिक संरचना: (४५ अंक)**		
२.१	भवन तथा कम्पाउण्डको अवस्था		५
२.१.१	कम्पाउण्ड वाल सहितको ढलानयुक्त छत भएको पक्की भवन	५	
२.१.२	कम्पाउण्ड वाल रहित पक्की भवन मात्र भएको	३	
२.१.३	जस्तापाताको छाना भएको घर/भवन भएको	२	
२.२	चौबिसै घण्टा शुद्ध खानेपानीको उपलब्धता		५
२.३	लैंगिकमैत्री शौचालय		५
२.४	बगैंचाको व्यवस्था		५
२.५	सहज हावा प्रवाह हुने कोठा		५
२.६	आफ्नै संरचनामा तालिम संचालनको छुट्टै हल		५
२.७	उपचाररत व्यक्तिको संख्याको अनुपातमा भवन र सिट क्षमता पर्याप्तता		५
२.८	खेल मैदान		३
२.९	तोकिएको सीमा बमोजिमको जग्गाको पर्याप्तता		५
२.९.१	आफ्नै जग्गा भएमा	५	
२.९.२	भाडा/लिजमा भएमा	४	
२.१०	सुत्ने बस्ने ठाउँको सुव्यवस्था (खाट, पलङ्ग)		२
३	**जनशक्ति: (१० अंक)**		
३.१	व्यवस्थापक वा संयोजकको व्यवस्था		२
३.२	प्रशासन वा लेखासहायक		२
३.३	पालोपहरा तथा सुरक्षाकर्मी		२
३.४	भान्से		२
३.५	कार्यालय सहयोगी वा बगैंचे		१
३.६	उपचार तथा परामर्श सेवा उपलब्ध गराउने प्राविधिक स्वास्थ्यकर्मी		१

नेपाल सरकार
गृह मन्त्रालय

राजकुमार श्रेष्ठ
सचिव

४	**खानपान, सरसफाई, उपचार तथा मनोरञ्जन : (३०अंक)**		
४.१	चौबिसै घण्टा विद्युत आपूर्ति व्यवस्था		५
४.२	आकस्मिक उपचारको व्यवस्था (उपचार सम्बद्ध स्वास्थ्यकर्मीसंग आवद्धता)		५
४.३	अस्पतालको सुलभता (बढीमा ३० मिनेट भित्र पहुँच/१० कि.मि.दूरी भित्र)		५
४.४	उपचाररत व्यक्तिको स्वास्थ्य बीमाको व्यवस्था		२
४.५	खेलकुद सामग्री		३
४.६	योगा ध्यान कक्ष		५
४.७	पुस्तकालय		५
५	**अन्य (१०अंक)**		
५.१	तोकिएको शुल्क लागु गरेको विवरण (न्यूनतम शुल्कले अधिक अंक पाउने)		५
५.२	कम्तीमा १०% निःशुल्क उपचाररत व्यक्तिको विवरण (प्रमाण हुनुपर्ने)		३
५.३	सीपमूलक तालिम संचालनको विवरण (प्रमाण पेश गर्नुपर्ने)		२
कूल जम्मा			१००

नेपाल सरकार
गृह मन्त्रालय

२०७८

राजकुमार श्रेष्ठ
सचिव

अनुसूची - ६

(दफा ११ सँग सम्बन्धित)

अनुदान सम्झौता ढाँचा

नेपाल सरकार, गृह मन्त्रालयको तर्फबाट अख्तियार प्राप्त श्री ----------(यस पछि "प्रथम पक्ष"' भनिएको) र ----------केन्द्रको तर्फबाट अख्तियार प्राप्त अध्यक्ष/प्रमुख (यस पछि "द्वितीय पक्ष" भनिएको) बीच देहाय बमोजिमका शर्तहरुको अधीनमा रही प्रथम पक्षले द्वितीय पक्षलाई रु ----------(अक्षरुपी------) प्रदान गर्ने गरी यो अनुदान सम्झौता पत्रमा सहीछाप गरेका छौं। हामिहरुले यो सम्झौताको इमान्दारी पुर्वक पालना गर्नेछौ।

द्वितीय पक्षले पालना गर्न मञ्जुर गरेका शर्तहरु:

१. लागु औषध प्रयोगकर्ताहरुका लागि उपचार तथा पुनःस्थापना केन्द्र संचालनका सम्बन्धमा भएका सबै व्यवस्था तथा प्रावधानहरुको अक्षरस पालना गर्ने।

२. लागु औषध उपचार तथा पुनःस्थापना केन्द्र संचालन प्रोत्साहन अनुदान वितरण कार्यविधि, २०८३ मा उल्लिखित व्यवस्थाहरुको पालना गर्ने।

३. नेपाल सरकार, गृह मन्त्रालय वा मातहतका निकाय वा नेपाल सरकारका अन्य निकायबाट निर्देशन भएका विषयहरु पालना गर्ने।

४. प्रचलित कानून बमोजिम कार्यान्वयन गर्नु पर्ने सबै व्यवस्थाहरुको कार्यान्वयन गर्ने र विवरण बुझाउनु पर्ने सबै विवरण समयमा बुझाउने। प्राप्त सहायता वा अनुदानको रकमको दुरुपयोग नगर्ने र त्यस्तो कुनै कार्य गरेको अवस्थामा कारवाही भएमा मञ्जुर रहेको।

५. प्रथम पक्ष वा प्रथम पक्षका तर्फबाट खटिएका प्रतिनिधिबाट भएको अनुगमनमा सहयोग गर्ने, अनुगमनका क्रममा भएको निर्देशनको पालना गरी कार्यान्वयन गर्ने र समयमा नै आफ्नो प्रतिवेदन बुझाउने।

प्रथम पक्षले पालना गर्न मञ्जुर गरेका शर्तहरु:

१. प्रथम पक्षबाट उल्लेखित शर्तहरु पूरा भएको अवस्थामा स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको क्रियाकलाप बमोजिम द्वितीय पक्षलाई निर्धारण भई निर्णय भएको प्रोत्साहन अनुदान रकम कानून बमोजिम द्वितीय पक्षको बैंक खातामा उपलब्ध गराउने।

२. समय समयमा द्वितीय पक्षका काम कारवाहीको अनुगमन, मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने।

३. प्रचलित कानून बमोजिम प्रदान गरिएको रकमको सदुपयोग हुने गरी कार्य गर्न द्वितीय पक्षलाई निर्देशन गर्ने।

प्रथम र द्वितीय पक्षले पालना गर्न मञ्जुर गरेका शर्तहरु:

नेपाल सरकार
गृह मन्त्रालय

२०७८

राजकुमार श्रेष्ठ

१. सम्झौताको इमान्दारी पुर्वक पालना गर्ने, कुनै विवाद आउन नदिने र कुनै विवाद आएमा आपसी समझदारीबाट पालना गर्ने र त्यसरी पालना नभएमा नेपाल सरकार, गृह मन्त्रालयको सचिवको निर्णय बमोजिम कार्य गर्ने।

२. आफ्नो कार्यजिम्मेबारी बमोजिमको कार्य सम्पादन गर्ने।

<u>द्वितीय पक्षको तर्फबाट:</u>

नाम,थर:

पद:

दस्तखत:

मिति:

कार्यालयको छाप:

रोहबर

१

२

<u>प्रथम पक्षको तर्फबाट:</u>

नाम,थर:

पद:

दस्तखत:

मिति:

कार्यालयको छाप:

रोहबर

१

२

नेपाल सरकार
गृह मन्त्रालय

राजकुमार श्रेष्ठ
सचिव